# नेपाल मानव अधिकार संगठन

## केन्द्रीय कार्यालय

### मधेस आन्दोलनको संक्षिप्त स्थलगत मानव अधिकार अनुगमन प्रतिवेदन

### वर्तमान परिस्थिति

मधेस केन्द्रित १३ राजनीतिक दल सम्मिलित संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले २०७२ साउन ३१ गतेवाट विभिन्न मागहरुसहित मधेस आन्दोलनको सुरुआत गऱ्यो । यो मोर्चामा ३५ जना सभासद छन् । साथै ५ जना सभासद रहेको संघीय समावेसी मधेसी गठवन्धन पनि आन्दोलनमा छ । सुरुआती दुई हप्तासम्म आन्दोलन शान्तिपूर्ण थियो तर तेस्रो हप्ता अर्थात २०७२ भाद्र १४ गते वीरगञ्जको राधेमाईमा गोली चल्यो र आन्दोलन त्यसपछि विस्तारै चर्कदै गयो । मधेस केन्द्रित राजनीतिक दलहरुले विभिन्न कोणबाट धेरै राजनीतिक मागहरु प्रस्तुत गर्ने गरे पनि ११ बुँदे मागपत्र भने सरकार र राजनीतिक दलहरु समक्ष प्रस्तुत गरेका छन् । आन्दोलनको ४० दिनपछि आन्दोलनको प्रकृति परिवर्तन गरियो र नाकामा धर्ना बसेर आयात निर्यातलाई सम्पूर्ण रुपमा रोक्ने उद्देश्यसहित आन्दोलन सुरु भयो । वीरगञ्ज नाका बन्द भयो र अन्य नाका पनि बन्द हुन थाले । फलतः मुलुकभर पेट्रोललियम पदार्थ, औषधी, खाद्यान्न जस्ता अत्यावश्यक सामग्रीको अभाव हुन थाल्यो र हाल सो अभावको पराकाष्टा छ भने आन्दोलनका क्रममा सुरक्षाकर्मी, आन्दोलनकारी र सर्वसाधारण गरी चार दर्जन बढीको निधन भइसकेको छ ।

यस परिस्थितिमा नेपालको जेठो मानव अधिकारवादी संस्था- नेपाल मानवअधिकार संगठनले आन्दोलन चलिरहेकामध्ये मध्यतराईका ८ जिल्लाको स्थलगत अवलोकन भ्रमण गरी देशको विद्यमान अवस्थाको यथार्थ स्थिति सार्वजनिक गर्नै अठोट गर्‍यो र संगठनका अध्यक्ष श्री इन्द्रप्रसाद अर्याल, महासचिव श्री महामुनीश्वर आचार्य र पूर्वउपाध्यक्ष एवम् केन्द्रीय सदस्य प्रा.डा. गोविन्द ढकालको टोलीले नेपालको मध्यतराईका आन्दोलनबाट बढी प्रभावित जिल्लाहरु -बारा, पर्सा, रौतहट, महोत्तरी, सिरहा, सर्लाही, धनुषा र सप्तरीको यही २०७२ मंसिर ६ गते बाट ९ गते सम्म भ्रमण गरी मधेस आन्दोलन र त्यसको मानव अधिकार पालनाको स्थलगत अनुगमन गर्‍यो । यस क्रममा सो टोलीले आन्दोलनरत राजनीतिक दलका नेताहरु, पत्रकार, मानव अधिकारवादी, सर्वसाधरण, घाईते, सुरक्षाकर्मी, नागरिक समाज, सहिद परिवार, सर्वसाधारणलगायतलाई भेटेर प्रत्यक्ष कुराकानी गर्‍यो । उनीहरुसँग वस्तुगत स्थितिका सम्बन्धमा छलफल, संवाद, घटनास्थल अवलोकन आदिको अनुगमन गर्‍यो । विस्तृत प्रतिवेदन पछि सार्वजनिक गर्ने कार्यक्रम रहेकाले वर्तमान संकटको समाधानका लागि तत्कालै सबै पक्षको ध्यानाकर्षण गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी आज यो संक्षिप्त प्रतिवेदन सार्वजनिक गर्दैछौं :

## आन्दोलनको वस्तुगत अवस्था :-

१. मधेस आन्दोलनका क्रममा चार दर्जन वढी सुरक्षाकर्मी आन्दोलनकारी सर्वसाधरणको हत्या भएको छ ।

२. २०७२ भाद्र १४ गते वीरगञ्जमा प्रहरीले चलाएको गोली लागेर दिलिप चौरसियाको निधन भयो । प्रत्यक्षदर्शी र स्थानीय नेताहरुका अनुसार उनी कलेज पढेर फर्कदै थिए भने आन्दोलनकारीबाट

उपचारका लागि एम्वुलेन्समा अस्पताल लैजाँदै गर्दा रातको समयमा घाइते सुरक्षाकर्मीको हत्या भएको छ ।

३. आन्दोलनले सम्पूर्ण मधेसको व्यापार व्यवसाय, अध्ययन, अध्यापन, यातायात बन्द हुन पुगेको छ । स्कुले विद्यार्थीहरु घरमै बसेका छन्, उद्योगका मजदुर काममा जान नपाएकाले घरमै बस्न बाध्य छन् । होटल, रेष्टुरेण्ट जस्ता व्यवसाय धारासायी भएका छन् । मुख्य बजार र सदरमुकामको व्यापार ठप्प छ ।

४. आन्दोलनबाट स्वास्थ्य क्षेत्र प्रभावित भएको छ । औषधी पसलहरुमा औषधी अभाव छ । ठूला अस्पतालमा अप्रेशनहरु कटौती गर्नुपरेको अवस्था छ ।

५,. सुरक्षाकर्मीले हानेका गोली आन्दोलनकारीहरुको निधार, ढाडमा लागेका घटना धेरै छन् । सप्तरीका दिलिप शाहको घर मुल सडकबाट ५० मिटर भित्र छ । उनी घरको दोस्रो तलामा बसेको बेला ५० मिटर टाढाबाट गोली प्रहार भई निधारमा लागेको थियो । उपचारका क्रममा उनको निधन भयो । सुरक्षाकर्मीका तर्फबाट भएका यस्ता खालका लापरवाहीका घटना धेरै छन् ।

६,. आन्दोलनरत मधेस केन्द्रित दलको नेतृत्वमा वार्ता होस भन्ने चाहना पाइन्छ । उनीहरु वर्ताका लागि प्रयत्नरत पनि छन् तर मधेस आन्दोलनभित्रै राजेन्द्र महतो र सि.के. राउत जस्ता नेताहरु पनि छन् । उनीहरुको लोकप्रियता घटेको छैन । ***कि त समस्या समाधान गर नभए हामीलाई हतियार देउ*** भन्ने धारणाका साथ युवा वर्गले हालको नेतृत्वलाई ठुलो दबाब दिएको छ । सरकारी राईफलसँग लड्नु नै पर्‍यो भने किन प्रदेशका लागि लड्ने भन्ने विचारको ठूलो हिस्सा पाइयो । विस्तारै आजको पुरानो नेतृत्वको हातबाट आन्दोलन बाहिर जाने खतरा छ ।

७. सुरक्षाकर्मीले आन्दोलनकारीहरुलाई मोदीका छोरा भनेर गाली गर्ने गरेको भन्ने गुनासो पनि सुनियो ।

८. नारायणी अञ्चल अस्पतालभित्र प्रहरीले मुल सडकबाट गोली प्रहार गर्दा चारजना सर्वसाधारण र अस्पतालका केही कर्मचारीसमेत घाइते भएका पाइयो । सगरमाथा अञ्चल अस्पतालभित्र प्रहरी प्रवेश गरी अस्पतालका चिकित्सक तथा अन्य कर्मचारीमाथि लाठी प्रहार गरेको पाइयो । साथै प्रहरीले डाक्टर र अस्पताल कर्मचारीको आवासमा प्रवेश गरी ढोका झ्याल तोडफोड गरेको पाइयो ।

९. आन्दोलनकारीको आक्रमणबाट घाइते भएका प्रहरी जवान (भीम) लाई उपचारका लागि सगरमाथा अस्पतालभित्र पुऱ्याइएकोमा आन्दोलनकारीले अस्पताल प्रवेश गरी उनलाई थप आक्रमण भएको छ । सुरक्षाकर्मीलाई आक्रमण गर्न आन्दोलनकारी अस्पतालभित्र प्रवेश गरेका थिए ।

१०. पुरै मधेसका सडक टायर बालिएका कारण कालै भएका छन् । ९० प्रतिशत सडक यातायात बन्द छ । साईकल प्रसस्त चलेका छन् । मोटर साईकल र रिक्सा पनि चलेका छन् । तर, चारपाङ्ग्रे साना ठूला साधन चल्न सकेका छैन ।

११. राजमार्ग र भित्री सडकका अधिकांश स्थान, तरकारी पसलसम्ममा कालोबजारीको पेट्रोल प्रशस्त मात्रामा पाइने गरेको र वीरगंजमा र सप्तरीमा सोको मूल्य रु. १८० प्रतिलिटर र राजमार्ग क्षेत्रका लहान, मिर्चैया, गोलबजार, बर्दिवास जस्ता स्थानमा रु २८० देखि ३०० रुपैया प्रतिलिटरमा विक्री भएका छन् । प्रहरी कार्यालयअगाडिका चिया पसल र वीरगञ्ज नाकामा पनि सयौं पेट्रोलका बोतलहरु बिक्रीमा राखिएका पाइयो ।

१२. सर्वसाधरण मानिसमा ठूलो आक्रोश छ । सबैभन्दा बढी आक्रोश मधेसवादी दलका नेताहरुप्रति रहेको छ । आन्दोलन स्वाधीनता, स्वतन्त्रता र पृथकतावादीको पोल्टातिर धकेलिँदै छ र यो नेतृत्व पाखा लाग्नसक्ने सम्भावना छ ।

१३, वीरगञ्जको मुल नाकामा दैनिक रुपमा सयौँ मानिसहरु धर्नामा बसेका हुन्छन् । उनीहरु भन्छन्- ***नाका हामीले बन्द गरेका छौं । वार्ता सफल भए हामी नाका छोड्न तयार छौं ।***

१४. आन्दोलनको क्रममा १००० भन्दा बढी मानिस घाइते भएका छन् । प्रहरीतर्फ पनि घाइतेको संख्या ठूलो छ । उनीहरु बहिस्कृत जस्ता देखिन्छन् र उनीहरुलाई कार्यालय क्याम्पभन्दा बाहिर निस्कन सक्ने सहज अवस्था छैन ।

१५. आन्दोलनमा मुख्य रुपमा मधेसी र थारु समुदायको सहभागिता छ । वीरगञ्जको आन्दोलनमा पहाडिया समुदाय नेतृत्वमै छ । काँग्रेस, एमाले र एमाओवादी नेतृत्व एवं कार्यकर्ता आफ्नो बचाउ गर्न सकेका छैनन् । सप्तरीमा काँग्रेसको पार्टी कार्यालय जलाइएको छ तर सोको बिरोध गर्ने अवस्था छैन । एकजना कांग्रेस नेताले हामीलाई भन्ने हिम्मत गरे -हाम्रो पार्टी कार्यालय जलाइएको छ । त्यसको पनि अवलोकन गरिदिनोस् । हामीले हेऱ्यौं, काँग्रेसको कार्यालय जलेको छ र त्यसपछि त्यो कार्यालय प्रहरीको सुरक्षामा रहेको पाइयो ।

१६. आन्दोलनकारी लाई चोकचोक, हटीया, फिल्महल जस्ता स्थानमा सामूहिक रुपमा मेस बनाएर खाना खुवाउने गरेको पाइयो । एउटा मेसमा २०० जनाभन्दा बढीलाई खाना पकाइन्छ । सुरक्षाकर्मीहरुले राजमार्गका त्यस्ता मेस भत्काउने, खाना फालिदिने, खानामा बालुवा माटो हालिदिने गरेको भन्ने आन्दोलनकारीहरुको गुनासो छ ।

१७. मानिसमा गहिरो निरासा छ । बाहिरबाट मानिस पुग्दा सर्वसाधरण मर्माहित देखिन्छन् । मानव अधिकारवादीहरुका लागि पनि स्थलगत अवलोकन तथा अनुगमन गर्न सजिलो छैन । काठमाडौँबाट

प्रकाशन प्रशारण हुने सबैजसो ठूला पत्रपत्रिका, टेलिभिजनप्रति मधेसमा आक्रोश छ । प्रधानमन्त्री केपी ओलीका अभिव्यक्तिप्रति सारा मधेसी जनतामा आक्रोश रहेको पाइन्छ । नागरिक समाजले पनि आवाज नउठाएको भन्ने ठूलो दुखेसो छ ।

**ठहर/निष्कर्ष :-**

- मधेस आन्दोलन हाल जनताको तल्लो तहसम्म पुगेको छ । उनीहरु राजधानी काठमाडौँबाट हेपिएको दबाइएको र दोस्रो दर्जाको नागरिकको व्यवहार गर्ने गरिएको ठान्छन् ।
- सेना र प्रहरीसँग लड्ने हो भने हामी किन प्रदेशको लागि मात्र लड्ने भन्ने भावना प्रबल छ ।
- यो आन्दोलन हालसम्म संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र संघीय समावशी मधेसी गठवन्धनको हातमा छ । चाडै आन्दोलनलाई सम्बोधन नगर्ने हो भने आन्दोलन हालको नेतृत्वको हातबाट बाहिर जाने सम्भावना बढी छ ।
- नाकाबन्दी र मधेस आन्दोलनलाई वेग्ला वेग्लै संबोधन गर्नु पर्दछ । धर्ना नभएका नाकाबाट पनि अत्यावश्यक सामाग्री आउन सकेको छैन तर हरेका दिन तिनै नाकाबाट लाखौं लिटर इन्धन अवैध तवरले आइरहेको छ । अन्य अत्यावश्यक सामाग्रीका हकमा पनि अवस्था त्यस्तै छ ।
- जनता वार्ता सफल होला भन्ने आशामा छन् तर हालसम्म राज्यवाट मधेसको समस्यालाई राम्रोसँग बुझ्ने प्रयास भएको छैन ।
- बन्द र नाकाबन्दीका कारण अर्थतन्त्र भयानक रुपमा खुम्चिएको छ ।

- आन्दोलनरत दलका स्थानीय नेताहरुका बीच पनि सम्बन्ध राम्रो छैन । ७ जिल्लामा पहाडी समुदाय मौन छ । आन्दोलन साम्प्रदायिक छैन तर त्यो घाँटीघाँटी भएर बसेको सहज आभाष हुन्छ । कुनै सामान्य घटनाले पनि यो आन्दोलन भयानक र साम्प्रदायिक हुनसक्छ ।
- ठूला राजनीतिक दल- कांग्रेस, एमाले र एमाओवादीले मधेस आन्दोलनलाई गम्भीर रुपमा नलिएको प्रतित हुन्छ । आन्दोलन सयौं दिनभन्दा बढी चल्दा पनि समाधानको तदारुकता आन्दोलनकारी तथा सरकार दुबैतर्फबाट देखिएन र मधेश तथा समग्र देशलाई धाराशायी बनाउने काम भइरहेको छ । ११ बुँदे माग पत्रका धेरै माग तत्काल पूरा गर्न सकिने खालका छन् तर त्यसतर्फ ठोस पहल भएको छैन ।
- संसदको प्रमुख प्रतिपक्षी दल कांग्रेसले समस्या समाधानका लागि ठोस पहल गर्ने भने पनि आशातित नतिजा आएको छैन । कतिपय आन्दोलनकारी नेताले नै काँग्रेसलाई अघि बढ्न अनुरोध गर्दा पनि समस्या समाधानका प्रयास भएको छैन ।
- प्रधानमन्त्री खड्गप्रसाद ओलीका अभिव्यक्तिहरु वातावरणलाई थप बिगार्ने गरी आउने गरेकाले आन्दोलनलाई थप चर्काएको छ ।
- आन्दोलनबाट सबैभन्दा बढी समग्र मधेस र मधेसी जनता नै प्रत्यक्षतः प्रभावित र पीडित छन् । राष्ट्रिय सञ्चारमाध्यमको पनि यो संवेदनशील घडीमा संयमित भूमिकाको अपेक्षा छ ।

**सुझाव :-**

***नेपाल सरकारलाईः***

- सरकारको सर्वोच्च पदमा आसिन सम्माननीय प्रधानमन्त्री श्री खड्गप्रसाद ओली मधेसी जनताप्रति उदार, विनयशील र जिम्मेवार बन्नुहोस् ।
- मधेस आन्दोलनप्रति बोल्दा सरकारका तर्फबाट समान खालका धारणा सार्वजनिक गर्ने पद्दति लागू गरियोस् ।
- वार्तामा गम्भीर भएर तयारीसाथ प्रस्तुत हुनुहोस् र उपयुक्त मध्यस्तकर्ता एवम सहजकर्ताको खोजी गर्नुहोस् ।
- भारतको चासोबारे गम्भीर छलफल गरियोस् । भारतसँग उच्चस्तरीय कुटनीतिक पहल गरियोस् । योग्य व्यक्तिको छनोट आजको आवश्यकता हो ।

***आन्दोलनरत दललाई:-***

- आन्दोलनलाई हिंसात्मक नबनाउनुहोस् र पृथकतावादीको हातमा जान नदिनुहोस । यो देश सबैको साझा भएकाले वार्तामा तपाईंहरु पनि लचिलो बन्नुहोस ।
- औषधी, इन्धनजस्ता अत्यावश्यक सामग्रीको आयात नरोक्नुहोस । कालोबजारी रोक्न तपाइँ पनि पहल गर्नुहोस् ।
- आन्दोलन साम्प्रदायिक बन्नसक्ने प्रबल सम्भावना भएकाले त्यसो हुन नदिनुहोस् ।
- अस्पताल, स्कुल, कलेज, राष्टिय गौरवका आयोजनाको निर्माण कार्य नरोक्ने व्यवस्थाका लागि तत्काल पहल गर्नुहोस् ।

***नेपाली काँग्रेसलाई :-***

नेपाली कांग्रेस संसदको सबैभन्दा ठूलो दल र नेपाली काँग्रेस नेतृत्वको सरकार हुँदा मधेस आन्दोलन र नाकाबन्दी सुरु भएकाले यसको निरोपणका लागि काँग्रेसको भूभिका महत्वपूर्ण छ । सत्ताबाहिर बस्दा पनि मुलुकप्रति जिम्मेवार बन्न र वर्तमान समस्यालाई तत्काल समाधान र आन्दोलनलाई सम्मानजनक अवतरणमा लैजान नेतृत्व लिओस् ।

**हाम्रो भूमिका :**

हालको कठिन अवस्था र संकट देशले धान्न नसक्ने यथार्थ स्थितिमा नेपालको सबैभन्दा जेठो मानव अधिकारवादी संस्था- नेपाल मानव अधिकार संगठन नागरिक समाजको अभिन्न अङ्गका नाताले वार्ताको सहजीकरणका लागि सरकार, आन्दोलनकारी मधेसवादी दल, नागरिक समाज र प्रमुख प्रतिपक्षी दलसँग आवश्यक परामर्श र समन्वय गरी समस्या समाधानमा सहयोग गर्न तयार रहेको बेहोरा सबैमा अनुरोध छ । धन्यबाद ।

**ईन्द्रप्रसाद अर्याल**

**अध्यक्ष**

**नेपाल मानव अधिकार संगठन**

**२०७२ साल मंसिर १८ गते**

## तस्बिरहरु











03/09/2015
SAMSUNG


मधेश !
"वीर शहीद
आन्दोलन में
मधेश का माँग पूरा
जिन्दाबाद !
कर्मचा
रौतहट - परिवार


भारतीय को क्यों मारा
नेपाल मानव अधिकार संगठन
HURON
Human Rights Observation
मानव अधिकार अनुगमन


मधेस दमन
बन्द गर


जय मधेश!
जय मधेश!!
जय मधेश!!!
मधेश को मांग अबिलम्ब पुरा गर!
मधेश आन्दोलन प्रति
एक्यवद्धता रैली
उच्च माध्यमिक विद्यालय संघ, पर्सा
Higher Secondary Schools' Association of Nepal, Parsa